
स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



प्रदर्शनको तयारीमा रहेको फिल्म 'एक भगवत् गीता' का शीर्षमध्येका एक कलाकार हुन् धीरज मगर । तर फिल्मको प्रेसमिट र प्रचारप्रसारमा उनी देखिएका थिएनन् । प्रचारमा नदेखिंदा ट्रेलर, टिजर र पोस्टरलाई लिएर धीरज असन्तुष्ट रहेको गासिप चल्न थालेको थियो । आफूलाई ट्रेलरमा दिइएको स्पेसलाई लिएर उनले गुनासो गरेको विवरण मिडियामा आएको थियो । केही दिनअघि आयोजित ट्रेलर लन्चमा समेत निर्देशक झरना थापाले यस्तै प्रश्नको सामना गर्नुपर्‍यो ।

**आजको विचार...**



अंग्रेजलाई...
(दुई पेजमा)

पुष्कर‍राज अथक रेग्मी



अभिनेत्री गौरी मल्लको छायाँमा परेको एउटा कला छ, गायन । बाल्यकालदेखि गायनमा सौखिन उनले वर्षौं पहिले केही गीत समेत रेकर्ड गराएकी छन् । तर, गायनभन्दा उनी अभिनयमा बढी रुचाइन् । र, अभिनय नै पेशा बन्न पुग्यो । जसले गर्दा उनले गायनलाई निरन्तरता दिन सकिनन् । तर, गायनप्रतिको हुटहुटी उनमा कहिल्यै कम भएन । अन्ततः वर्षौंपछि गौरी गायनमा फर्किएकी छन् । उनको स्वर तथा शब्दमा रहेको तीज गीत 'धिन ताका नाका धिन' राजधानीमा एक कार्यक्रमका बीच सार्वजनिक गरियो ।

❒ वर्ष २९ ❒ अंक ५२ ❒ २०८० भदौ २१ गते बिहीबार 7 September 2023, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### एमाले लुम्बिनी अध्यक्षमा कँडेल

**बुटवल,** भदौं २०/नेकपा एमालेको लुम्बिनी प्रदेश अध्यक्ष पदमा पाल्पाका राधाकृष्ण कँडेल विजयी भएका छन् । उनी प्यूठानका हरि रिजाललाई २ मतले हराउँदै अध्यक्षमा विजयी भएका हुन् ।

कँडेलले ४ सय ७९ मत ल्याएर विजयी भएको निर्वाचन समितिले जनाएको छ । त्यस्तै रिजालले ४ सय ७७ मत ल्याएका छन् । अध्यक्ष कँडेलसँगै उपाध्यक्षमा रुपन्देहीका भोजप्रसाद श्रेष्ठ, पुरुष उपसचिवमा रोल्पाका पूर्ण बुढामगर र महिला उपसचिवमा बर्दियाकी लिला राना मगर निर्वाचित भएकी छन् । सचिव पदमा यसअघि नै दाङका लक्ष्मण आचार्य निर्विरोध निर्वाचित भएका थिए । निर्वाचित मध्ये पुरुष उपसचिवमा निर्वाचित रोल्पाका बुढामगर मात्र रिजाल प्यानलका हुन् । मंगलबार दिउँसो भएको निर्वाचनमा प्रदेशका १ हजार ५ प्रतिनिधि मध्यै ९ सय ६५ जनाले मतदान गरेका थिए ।

नेकपा एमालेको प्रथम लुम्बिनी अधिवेशन बाट पदाधिकारीमा सचिव आचार्यसहित भूगोलतर्फ १२ मध्ये ८ जिल्लाका सदस्य निर्विरोध निर्वाचित भएका थिए । पाँच पदाधिकारीमध्ये चार पदमा निर्वाचन भएको थियो । रुपन्देही, गुल्मी, बाँके र दाङ जिल्लामा भूगोलबाट प्रतिनिधित्व गर्ने पद र खुल्ला पदहरुमा पनि प्रतिस्पर्धा भएको थियो ।

# सबैको उत्सव, पाल्पा 'विजयोत्सव'

## आज युद्धमा अंग्रेजलाई हराएको सम्झना गरिदैं

**रामचन्द्र रायमाझी**

**पाल्पा,** भदौ २०/एक वर्षपछि फेरि पाल्पाको तानसेन उत्सवमय बन्दै छ । बच्चाबच्ची, बूढाबूढी, युवा, युवती सबैको लागि भगवती जात्रा उत्सवमय बन्ने छ । आज गाउँ-गाउँबाट मेला अवलोकनका लागि विभिन्न व्यक्तिहरुले समय मिलाएर आउँदैछन् । तानसेन बजार यति बेला दुलहीझैं सिँगारिएको छ भने मानिसहरुको चहलपहल बढ्दो छ । नेपालले वि.सं १८७१ पौष देखी १८७२ जेठसम्म भएको अंग्रेजसँगको युद्धमा बुटवलको जितगढी लगायतको क्षेत्रमा विजय हासिल गरेको सम्झनामा वि.स. १८७७ देखि मनाउन थालिएको विजयोत्सव अहिले पनि निरन्तरता पाएको छ । प्रत्येक बर्ष पाल्पामा श्री ७ रणउजिरेश्वरी भगवती गुठी व्यबस्थापन समितिले विजयोत्सव स्वरुप ऐतिहासिक भगवती जात्रा (रथयात्रा) निकाल्ने गरेको हो ।



फाइल फोटो

नेपाल अँग्रेज युद्धमा पाल्पाली कमाण्डर कर्णेल उजिरसिंह थापाले अंग्रेज फौजलाई हराउन सफल भएपछि पाल्पामा हरेक वर्ष भाद्र कृष्णनवमीको दिन विजय उत्सव मनाईदै आएको छ । कहिँकतै नहारेको ब्रिटिस सेनालाई नेपालले युद्धमा पराजित गरी विजय हासिल गरेको थियो । विश्वभर आफ्नो साम्राज्य विस्तारको क्रममा हिंडेको अंग्रेज फौजलाई नेपाली सेनाले पराजित गरी जितगढीबाट नै नेपाली विरताको इतिहास रचेको थियो । पाल्पाका तत्कालीन कर्णेल उजीरसिंह थापाको नेतृत्वमा रहेको नेपाली सेनाले विरता र निडरताको साथ लडाई लडेर विजयको झण्डा फहराएको हो । यस वर्ष २ सय ३ औं भगवतीको रथ निकाल्न लागिएको छ । तत्कालीन नेपाली सेनाको पाल्पा कमाण्डर थापाले युद्धमा जानु अघि युद्धमा जितेमा तीन तले मन्दिर बनाई भगवतीको सिन्दुरजात्रा गर्ने भाकल गरेका थिए । युद्धमा विजयी भएपछि उनले विसं १८७७ देखि कृष्ण जन्माष्टमीको भोलिपल्ट विजय उत्सव स्वरुप भगवती जात्रा मनाउ थालेका हुन् । जुन परम्परा आजसम्म चल्दै आएको छ । आज साढे १२ बजेदेखि १ बजेको बिचमा विजयोत्सव स्वरुप भगवतीको रथ उठाउने कार्यक्रम रहेको समितिका अध्यक्ष अशोकमान महर्जनले बताए । विधिपूर्वक गरिएको पूजापछि रथयात्रामा राखिने भगवतीको ढलौटको सानो प्रतिमूर्ति र कर्णेल उजिरसिंह थापाको तरवार रथमा राखि नगरका विभिन्न भागको परिक्रमा गराई पुनः मन्दिरमा ल्याई भित्र्याइने छ । रथयात्रामा नेपाली सेना, नेपाल प्रहरी, शसत्र प्रहरी, निजामती कर्मचारी, संघ संस्थाहरुको सहभागिता रहने छ । हरेक वर्ष कुमाल समुदायबाट विजयोत्सवको रथ बजार परिक्रमा गराउने परम्परा रहेको छ । भगवतीको रथको दुवैतिर तेर्साईएका दुई बलिया नोलहरुलाई काधमा बोकी जयजयकारको गुञ्जन ध्वनी र बन्दुकको बडाईका साथ मुर्तीलाई रथमा राखेर नगर परिक्रम गर्ने गरिन्छ । ऐतिहासिक महत्व बोकेको जात्राका क्रममा शान्ति सुव्यवस्था कायम गर्न जिल्लाको सुरक्षा व्यवस्था समेत कडा बनाइएको छ ।

जात्रामा लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरी र विशिष्ट अतिथिको रुपमा नेपाली सेनाका बलाधिकृत रथी सरोज प्रताप रानाको सहभागिता रहने समितिका सचिव प्रकाशनाथ गंगोलले बताए । जात्रालाई भव्य बनाउन बुटवल-तानसेन सवारी साधन चढेर आउने यात्रुहरुको लागि सवारीमा ५० प्रतिशतसम्म छुट गरिएको छ भने होटलको खाना र बस्नको लागि १५ प्रतिशतसम्म छुट गरिएको समितिले जनाएको छ । जात्राका दिन प्रदेश सरकारले सार्वजनिक विदा दिएको छ । प्रदेश सरकारले राष्ट्रिय गौरवको रुपमा रहेको भगवती जात्रालाई सार्वजनिक विदा दिने निर्णय यस अघि नै गरेको थियो । निश्चित जात्रा निकाल्ने समुदाय र ठाउँलाई केन्द्रित गरेर १ दिन विदा छुट्याइएको प्रदेश सरकारले जनाएको छ ।

**बालअधिकारप्रति संवेदनशील बनौं ।**

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको सुनिश्चित गरौ, गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं ।

***बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।***

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## एमसीसी परियोजना र राष्ट्रिय स्वाधीनताको प्रश्न विषयक अन्तर्क्रिया

**पाल्पा,** भदौ २०/अमेरिकी अनुदान सहयोग सम्बन्धी सम्झौता मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) र राष्ट्रिय स्वाधीनताको प्रश्न विषयक अन्तर्क्रिया तानसेनमा भएको छ । नेपाल कम्युनिष्ट पार्टी पाल्पाको आयोजनामा जिल्लाका राजनीतिक दल, पत्रकार र इतिहासका जानकारहरुसँग अन्तर्क्रिया गरिएको हो ।




कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टीका स्थायी कमिटी सदस्य अनिल शर्माले एमसीसी र राष्ट्रिय स्वाधीनताको प्रश्न अवधारणा पत्र प्रस्तुत गरेका थिए । उनले अवधारणा पत्र प्रस्तुत गर्दै एमसीसीको विरुद्धमा मोर्चा बनाएर आफुहरु अगाडि बढेको बताए । शर्माले भने 'नेपाल माथि अमेरिकाको हस्तक्षेप सुरु भएको छ, एमसीसी चिन घेर्ने रणनीतिका साथ आएको हो ।' उनले नेपाल अमेरिकाको कब्जामा पुग्न लागेको धारण व्यक्त गरे । यस विषयमा सबै नागरिक सचेत बन्नुपर्ने बेला आएको शर्माले बताए । उनले भने 'एमसीसीको बारेमा जनताले बुझ्नेनन्, जब अमेरिकन सैनिकबाट नेपाली चेलीहरु बलात्कृत हुन्छन्, त्यति बेला मात्र बुझ्ने छन्, जुन ढिला भइसकेको हुनेछ ।' सदस्य शर्माले प्रस्तुत गरेको उक्त अवधारणा पत्रमा कार्यक्रममा सहभागीहरुले टिप्पणी गरेका थिए ।

नवजनचेतना दैनिकका सम्पादक जगदीश भट्टराईले एमसीसी सैनिक रणनीति भएको शंका आशंका गरिए पनि त्यसका भित्री अव्यहरुले भने देशको आर्थिक विकास लागि कुनै न कुनै रुपमा टेवा पुग्ने बताए । उनले एमसीसीमा अझै पनि जनतामा केही शंका उपशंका रहेकाले राम्रोसँग बुझाएर कार्यान्वयको पक्षमा जानुपर्ने धारणा राखे । अधिवक्ता पदम कार्कीले एमसीसी देशको अहितमा रहको बताए । उनले एमसीसी विकास नभई विनास भएको धारणा व्यक्त गरे । बामबुद्धिजीवी विनबहादुर कुंवरले एमसीसी गलत परियोजना भएकाले प्रभावित क्षेत्रका नागरिकलाई सचेत गरानुपर्ने बताए । इतिहासविद् निर्मल श्रेष्ठले देशभक्ती कुरामा सबै एक हुनुपर्नेमा जोड दिए । उनले अमेरिकाले जनताको देशभक्ति आवाज दवाउने कुरामा विगतदेखि नै गर्दै आएकाले त्यस्ता कुरामा सबै सजग हुनुपर्ने धारणा राखे । कार्यक्रममा माओवादी केन्द्रका जिल्ला सचिव मथुरा ढकाल, राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला अध्यक्ष डुलबहादुर कुंवर, राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष विशाल दर्लामी लगायतले एमसीसी र राष्ट्रियताका विषयमा आ-आफ्ना धारणा राखेका थिए । नेपाल कम्युनिष्ट पार्टीका जिल्ला इन्चार्ज धिरज रानाको अध्यक्षता, सदस्य आकाश थापाको स्वागत, सचिव मिनबहादुर आलेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## श्रीकृष्ण जन्माष्टमी र भगवती जात्रा

प्रत्येक वर्षको भाद्र कृष्ण अष्टमीमा भगवान् श्रीकृष्णलाई स्मरण गर्दै कृष्ण जन्माष्टमी मनाइन्छ । यस वर्ष बुधबार मनाइएको छ । श्रीकृष्ण भगवान् जन्मिएको अवसर पारेर उत्सवमा संलग्न रहँदै व्रत बसेर मध्यरातसम्म नै कृष्णकेन्द्रित भजनहरु गाउने, बजाउने परम्परा रहँदै आएको छ । मध्यरातसम्म नै जाग्राम बसी श्रीकृष्णको भक्ति-साधनामा लीन हुने स्त्री-पुरुषहरुले मन्दिरलाई सजाउँदै उनको झुला झुलाउने चलन परापूर्वकालदेखि रहँदै आएको छ । यो दिन विशेषतः भगवान् श्रीकृष्णकै पूजाआराधना गर्ने उद्देश्य बोकेर समर्पित छ । पवित्र दिनका रुपमा समेत लिइने यसदिनमा देशविदेशमा धुमधामसँग भगवान् कृष्णको स्मरण गरिएको पाइन्छ । श्रीकृष्णलाई महाभारतको युद्धमा मुख्य पात्रको रूपमा लिइन्छ । अत्यन्तै कूटनीति गर्न जान्ने श्रीकृष्णलाई धूर्त र छलीका रूपमा पनि नेवारी समाजमा लिइँदै आइएको छ । हरेक वर्ष कृष्णाष्टमीका दिन विभिन्न कार्यक्रम र जात्रा गरी मान्दै आएका श्रीकृष्णलाई द्वापर युगदेखि मान्दै आएको मानिन्छ । कृष्ण जन्माष्टमीको अर्को दिन पाल्पाको तानसेनमा रणउजेश्वरी भगवतीको जात्रा निकाल्ने गरिन्छ ।

नेपालले अंग्रेजलाई पराजय गरेको उल्लासमा यहाँ हरेक वर्ष कृष्णजन्माष्टमीको भोलिपल्ट ऐतिहासिक भगवती जात्रा (रथयात्रा) निकाल्ने परम्परा छ । सोही अनुरुप आज २ सय ३ औं भगवतीको रथ निकाल्न लागिएको हो । भगवतीले महिषासुर दैत्य बध गरेको खुसियालीको रूपमा राँगा, हाँस, कुखुरा, बोका, भेडा बलि दिँदै दाफा भजनका साथै रणउजेश्वरी देवीको भव्य रूपमा रातभर जात्रा गरिन्छ । नवमीका दिन रातभर दियो बोकेका, देवताको खट बोक्नेहरू र जात्रामा भाग लिई सघाउने सबैलाई भगवतीलाई भोग दिइएको राँगाको मासु राखी भोज खुवाइन्छ । भोज खुवाइसकेपछि देवीको खट बोक्नेहरूलाई बेताली (फेटा) बाँधी रातो क्वखा राखी दिँदै टीका लगाई दिएर दिनमा सिन्दुर जात्रा गर्ने चलन छ । यो जात्रामा नेपाली सेना प्रहरीले सलामी दिँदै तोप पडकाएर बधाई दिन्छन् । ढोलक, झ्याली, पञ्चेबाजा, धाः बाजा बजाउँदै नगर परिक्रमा गर्छन् । यो भगवतीको जात्रा अंग्रेजसँग भएको युद्धसँग सम्बन्धित छ । महाभारतको युद्धमा मुख्य पात्रको रूपमा रहेका श्रीकृष्णलाई लिइन्छ । त्यसैले पनि अंग्रेजसँगको जितको खुसीयालीमा कृष्णजन्माष्टमीको अर्को दिन भगवती जात्रा निकाल्ने परम्परा बसालिएको भन्ने मान्यता स्थापित भएको छ ।

## Opinion @ Social Network

चाहनाले सबै चिज आफ्नो हुँदैन, हरेक मुस्कुराउत खुसी हुँदैन ।
इच्छा त छन् तर, कहिले समय र कहिले भाग्य सही हुँदैन ।।
(प्रमिला मगरको फेसबुक स्टाटसबाट www.facebook.com/parmilat.magar)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अंग्रेजलाई जितेको सम्झना र जात्रा महोत्सव



पुष्करराज अथक रेग्मी

**श्री ७ रणउजिरेश्वरी भगवतीको मन्दिरमा प्रतिष्ठापित मूर्ति महिषासुर मर्दिनीको प्रतिकको रुपमा रहेको छ । अष्टधातुबाट बनाइएको यो मूर्तिको बाह्य रुप दुब्लो पातलो जीउ भएकी अठार बाहु भएकी, मुख बाएर लामो जिब्रो काढेकी, दाहिनेखुट्टा सिंहको पिठ्युमा टेकेर महिषासुर राक्षसलाई बध गर्न लागेकी चण्डीको स्वरुपको छ । मूर्ति सुन्दर र तान्त्रिक विधिद्वारा निर्माण गरिएको छ । तानसेनको भगवतीको मूर्ति पलाञ्चोक भगवती, शोभा भगवती र नक्साल भगवतीको दार्शनिक परम्परालाई आधार लिएर बनाइएको देखिन्छ । भगवती मन्दिरमा कर्णेल उजिरसिंह थापाले लडाईमा प्रयोग गरेको ऐतिहासिक तरवार अधावधि सुरक्षित छ । भगवती जात्राको दिन स्थानीयवासीहरुले तरवारलाई शक्तिको प्रतिकको रुपमा दर्शन गर्ने गर्दछन् । नेपाली सेनाको गोरखदल गणले गणपति प्रमुख सेनानी श्री कृष्णबहादुर जिसीको कार्यकालमा जीतगढीको लडाइको सम्झनामा नेपालीको वीरता र धीरतालाई उत्कीर्ण गरी भगवती मन्दिरको प्राङ्गणमा विजयी स्तम्भ निर्माण गरेको छ ।**

नेपाली शब्दकोष अनुसार देवदेवीका स्थानमा निश्चित दिनमा पुजा आजा सहित मनाइने विशेष प्रकारको उत्सव यात्रालाई जात्रा भनिन्छ । पाल्पाको तानसेनमा हरेक वर्ष जनैपूर्णिमाको भोलिपल्टदेखि भाद्रकृष्ण नवमीका दिनसम्म जात्रा महोत्सव मनाइन्छ । तानसेनमा विशेषत: गाइँजात्रा, रोपाइँ जात्रा, बाघजात्रा, गणेश जात्रा, भीमसेन जात्रा, कृष्ण जात्रा, नारायण जात्रा र भगवती जात्रा मनाइन्छ । परम्परा अनुसार पाल्पाको तानसेनमा भाद्र कृष्ण नवमीका दिन भगवती जात्रा मनाइन्छ । तानसेनमा मनाइने ऐतिहासिक भगवती जात्राका विषयमा यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

वि.सं.१८७१ मा अंग्रेजहरुले नेपालका विरुद्ध युद्धको घोषणा गरेपछि तत्कालिन पाल्पा गौंडाका प्रमुख उजिरसिंह थापाले अंग्रेजसँग युद्ध लड्न र विजयी हुने शक्ति प्राप्त मिलोस् भनि पाल्पा तानसेनको भगवतीका सामु युद्धमा विजयी भए ठूलो मानमनितो गर्ने, तीनतले कलात्मक मन्दिर बनाउने र हरेक वर्ष भगवती मातालाई रथमा राखेर बजार परिक्रमा गराई सिन्दुरे जात्रा निकाल्ने भाकल गरेका थिए । अंग्रेजहरुले बुटवल र स्युराजलाई कब्जामा लिई पाल्पा हान्ने तयारीमा थिए । यहि क्रममा १९ वर्षीय जवान कर्णेल उजिरसिंहको नेतृत्वमा रहेको नेपाली/पाल्पाली सेनाले जितगढीको युद्धमा अंग्रेजहरुलाई नराम्ररी पराजित गरे र संसार जित्ने अंग्रेजलाई नेपालको तर्फबाट ऐतिहासिक रुपमै हराए । उजिरसिंहले एक पल्ट मात्र नभई दुई-दुई पटकसम्म युद्धमा अंग्रेजहरुलाई हराए ।

कर्णेल उजिरसिंह पाल्पा राज्यलाई नेपालमा विलय गराउने धर्मात्माकाजी अमरसिंह थापाका नाती थिए । उनी नयनसिंह थापाका छोरा र नेपालका प्रथम प्रधानमन्त्री भीमसेन थापाका भतिजा थिए । धर्मात्माकाजी अमरसिंह थापाको स्वार्गारोहण भएपछि पाल्पा गौंडाको रक्षार्थ यिनले धनकुटा, सप्तरी, बारा र पर्सा क्षेत्रमा बहादुरीका साथ काम गरेकाले कर्णेल पदवी पाएका थिए । एघार वर्ष नपुग्दै यिनको बावुको निधन भएकाले भीमसेन थापाले यिनलाई विशेष माया र रेखदेख गरेका थिए । बाल्यकाल काठमाडौंमै बितेको हुनाले उनले काठमाडौंको जात्रा हरेक वर्ष हेर्दै आएका थिए । यही क्रममा इन्द्रजात्रा र कुमारीजात्राको प्रभाव उनको मस्तिष्कमा रहन गइ पाल्पामा पनि भव्य सभ्य र दिव्य किसिमले भगवती जात्राको परम्परा चलाए ।

विजयोत्सवको रुपमा मनाउन थालिएको जात्राको परम्परा दुई सय वर्ष पुरानो छ । अंग्रेजसँगको युद्ध जितेर आइसकेपछि भगवतीको नाम अगाडि श्री ७ रणउजिरेश्वरी भगवतीको नामबाट विशाल मन्दिर निर्माण गरी जात्रा निकालिएको हो । पाल्पामा मनाइने जात्राहरु मध्ये यो विशेष महत्व र राष्ट्रिय गौरवकै जात्रा हो । जात्रामा राष्ट्रिय झण्डाको प्रयोग गरिनुका साथै नेपाली सेनाको टुकडीद्वारा सलामी अर्पण गरी सैनिक प्रहरी निजामति कर्मचारी, प्राध्यापक, शिक्षक, व्यापारी, बुद्धिजीवी, साहुमहाजन साधुसन्त, विद्यार्थी, विभिन्न संघ-संस्थाहरु एवं सम्पूर्ण जनसमुदायको व्यापक सहभागिता सहित भगवतीको रथलाई तानसेन शहरको मुख्य-मुख्य स्थानमा परिक्रमा गराइन्छ ।

भगवतीको कलात्मक मन्दिर निर्माण र अष्टधातुको मूर्ति स्थापना गरिसकेपछि पुजारीको काम गर्न पाटनबाट चन्द्रमुनि बज्राचार्यलाई र गुठी तथा पुजा व्यवस्थापनका लागि भक्तपुरबाट शुक्तमान वौद्धाचार्यलाई तानसेन झिकाए । उजिरसिंहले भगवती मन्दिर गुठीका लागि माडी क्षेत्रमा ३ सय १७ मुरी धान उब्जने खेत व्यवस्थापन गरिदिए । वि.स. १८८१ मंसिरमा उजिरसिंहको स्वर्गारोहण भएपछि उनको पत्नी उजलादेवीले आफु सती जान लाग्दा तत्काल पाल्पा राज्यको तर्फबाट पाल्पा माडीमै २०० मुरी धान उब्जने खेत गुठीको रुपमा अर्पण गरिदिएकी थिइन् । साथै उनको पुजा र जात्रा व्यवस्थापन मिलाउनको लागि रु.२९८५ संकलन गरेकी थिइन् । सो रकमबाट भक्तपुरमा ३६ रोपनी जग्गा किनेको भन्ने विभिन्न लालमोहरहरुमा उल्लेख छ ।

श्री ७ रणउजिरेश्वरी भगवतीको मन्दिरमा प्रतिष्ठापित मूर्ति महिषासुर मर्दिनीको प्रतिकको रुपमा रहेको छ । अष्टधातुबाट बनाइएको यो मूर्तिको बाह्य रुप दुब्लो पातलो जीउ भएकी अठार बाहु भएकी, मुख बाएर लामो जिब्रो काढेकी, दाहिनेखुट्टा सिंहको पिठ्युमा टेकेर महिषासुर राक्षसलाई बध गर्न लागेकी चण्डीको स्वरुपको छ । मूर्ति सुन्दर र तान्त्रिक विधिद्वारा निर्माण गरिएको छ । तानसेनको भगवतीको मूर्ति पलाञ्चोक भगवती, शोभा भगवती र नक्साल भगवतीको दार्शनिक परम्परालाई आधार लिएर बनाइएको देखिन्छ । भगवती मन्दिरमा कर्णेल उजिरसिंह थापाले लडाईमा प्रयोग गरेको ऐतिहासिक तरवार अधावधि सुरक्षित छ । भगवती जात्राको दिन स्थानीयवासीहरुले तरवारलाई शक्तिको प्रतिकको रुपमा दर्शन गर्ने गर्दछन् । नेपाली सेनाको गोरखदल गणले गणपति प्रमुख सेनानी श्री कृष्णबहादुर जिसीको कार्यकालमा जीतगढीको लडाइको सम्झनामा नेपालीको वीरता र धीरतालाई उत्कीर्ण गरी भगवती मन्दिरको प्राङ्गणमा विजयी स्तम्भ निर्माण गरेको छ ।

यसैगरी श्री चण्डीप्रसाद गणाले गणपति प्रमुख सेनानी दीर्घबहादुर चन्दको कार्यकालमा उजिरसिंहको वीरगाथालाई जीवन्त राख्न पाल्पा उद्योग वाणिज्य संघको सहकार्यमा तानसेन टुँडिखेलको पूर्वी कुनामा कर्णेल उजिरसिंह थापाको पूर्ण कदको शालिक निर्माण गरेको छ । निष्कर्षमा भन्नु पर्दा पाल्पाको भगवती जात्रालाई राष्ट्रिय गौरवको रुपमा लिइएको छ । यद्यपी अंग्रेजसँग लड्ने चार वीर योद्धाहरु भक्ति थापा, अमरसिंह थापा, बलभद्र कुँवर, उजिरसिंह थापा मध्ये राज्यले उजिरसिंह बाहेक अन्य तीन योद्धालाई राष्ट्रिय विभुति घोषणा गरेको छ । तर जुन-जुन स्थानमा ती विभुतिहरुले युद्ध गरेको थिए, ती स्थानमा नेपालीहरुको हार भएको थियो भने कतैको भु-भाग जितेरपनि गुमाउनु परेको थियो । जितगढीमा मात्र नेपालीहरुले अंग्रेजहरुलाई जितेका थिए । यति हुँदा-हुँदै पनि उजिरसिंह थापालाई राष्ट्रिय विभूतिको रुपमा किन मानिएन ? यो गम्भीर प्रश्नको रुपमा रहिरहेको छ ।

हरेक वर्ष भव्य, सभ्य, र दिव्य रुपमा मनाइने भगवती जात्रा र नियमित पुजा व्यवस्थापनका लागि कार्यसम्पादन गर्न मन्दिर व्यवस्थापन समितिलाई निकैनै चुनौतिपूर्ण रहेको छ । यसका लागि सबैको यथासक्य सहयोगको खाँचो छ । जात्रा र पर्व भनेको हाम्रो संस्कृति हो । संस्कृति भनेको मान्छेले पालना गर्दा गर्दै विकसित भएर मान्य रुपमा स्थापित उच्च अस्तित्व हो । अस्तित्वको रक्षा गर्न सकेमा मात्र कुनै पनि व्यक्ति, समाज, र राष्ट्रले अन्तर्राष्ट्रिय स्तरमै ख्याति कमाउन सक्दछ । अत : राम्रा र असल गुणहरुको अङ्गिकार गर्न हामीले हाम्रा अग्रजहरुबाट सिकौं र सन्तति पुस्ताहरुलाई सिकाऔं । जसबाट समाजमा स्वच्छ सभ्यताको विकास हुन्छ । सभ्यताको विकास हुनु नै संस्कृतिको संरक्षण र संवर्द्धन हुनु हो । अन्त्यमा तानसेनमा रहेकी रणउजिरेश्वरी भगवती शक्तिकी केन्द्र हुन् । जसलाई वैदिक नियमपूर्वक आह्वान गरी जगाएर आर्शिवाद लिन सकियो भने समग्र मुलुककै कल्याण हुनेछ । जय भगवती माता !

*(लेखक पाल्पा साहित्य समाजका अध्यक्ष समेत हुन् ।)*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आज कुनै कुराले मन प्रसन्न रहने छ । नयाँ र शुभकार्यको चर्चा चल्नेछ । | **तुला** : बन्धु बान्धवबाट सहयोग मिल्ने छ । प्रेममा सफलता प्राप्त हुनेछ । |
| **वृष** : मन सम्हाल्न आवश्यक हुनेछ । सौन्दर्यतामा धन खर्च हुनेछ । | **वृश्चिक** : दुष्ट व्यक्तिको सङ्गतले आत्मघाती काम गर्न पुगिएला । |
| **मिथुन** : घर परिवार तथा आफन्तबीचको सम्बन्धमा सुधार भएर जानेछ । | **धनु** : माया प्रेममा सामीप्यता बढेर जाने छ । शुभ समाचार सुन्न पाइएला । |
| **कर्कट** : इनाम कमाउने बेला छ । परिवारमा सुख सन्तोष छाउनेछ । | **मकर** : अधुरो काम बन्नेछ । धार्मिक र सांस्कृतिक कार्यमा सरिक भइनेछ । |
| **सिंह** : आज मनमा उत्साह छाउने छ । कला प्रभाव बढ्नेछ । | **कुम्भ** : शुभ समाचार सुन्न पाइएला, तर शेयर बजारमा घाटा होला । |
| **कन्या** : मन खिन्न हुने स्थिति आउने छ । कार्य सम्पादनमा सहजता नमिल्ला । | **मीन** : जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । स्वास्थ्यप्रति सजग रहनु होला । |

# बाल बाटिका

बाल कथा

## स्यालको मूर्खता



आखिर झुट भनेको झुट नै हो । जतिसुकै चलाख भए पनि जतिसुकै चलाखीपूर्वक गरिएको भए पनि एक न एक दिन पत्ता लागिहाल्छ । मूर्ख बनाउन सजिलै हुन्छ, बनाउन सकिन्छ तर सधैँभरि सकिन्न, कदाचित कसैलाई सधैँभरि बनाउन सकिएछ भने पनि सबैलाई सधैँभरि भने बनाउन सकिन्न भन्ने त भनाइ नै छ । भाइबहिनीहरूको जानकारीका लागि यहाँ यसै सम्बन्धी एउटा कथा प्रस्तुत गरिएको छ ।

अघि कुनै समयमा एउटा भोको स्याल आहारको खोजीमा हिँडेको थियो । घुम्दै जाँदा ऊ कुनै गाउँमा पुग्यो । उसलाई देख्ने बित्तिकै कुकुरहरू भुक्न लागे । अब उसलाई आपत् पऱ्यो । तैपनि हिम्मत हारेन र लुक्नका लागि एउटा घर भित्र छिऱ्यो । घर धोबीको थियो कुनामा कतै ठुलो ड्रम थियो । उसलाई लुक्न यही स्थान उपयुक्त लाग्यो र भित्र छिरेर रात बितायो । बिहान ड्रमबाट बाहिर टाउको निकालेर हेऱ्यो तर त्यतिबेलासम्म कुकुरहरू फर्किसकेका रहेछन् । बल्ल बाहिर निस्क्यो । ऊ भोको त थियो त्यसमाथि अहिलेसम्म तिर्खा पनि लागिसकेको थियो । त्यसैले पानी खोज्दै कुनै नदी किनारमा पुगेर पानी खान लाग्यो । ठिक यही बेला पानीमा आफ्नो छाया दङ्ग पऱ्यो । किनकि त्यतिबेला उसको शरीर निलो थियो । कारण के परेको थियो भने जुन ड्रममा ऊ लुकेको थियो त्यो नीलो मसीको ड्रम थियो । सोही मसी लागेर शरीर नीलो हुन पुगेको थियो । उसले पानी खायो र आश्चयमान्दै जंगलतिर लाग्यो तर भइदियो के भने उसको विचित्र स्वरूप देखेर जंगली जनावर डरले भाग्न लागे । त्यसपछि उसले यसैको आडमा जंगलको राजा बन्ने विचार गऱ्यो र विनम्रतापूर्वक भन्यो-

'जंगलवासी दाजुभाइ दिदीबहिनीहरू हो ! डराउनुपर्दैन । तपाईहरूकै सुरक्षाका लागि आएको हुँ । यसैखातिर स्वयं सृष्टिकर्ता ब्रह्माजीले मलाई दूत बनाएर पठाउनुभएको हो । आजदेखि तपाईहरूको राजा बनेर सेवा गर्छु । तपाईहरूका चिन्ताका दिन गए । जे परे पनि मलाई भन्नुहोला । अब तपाईहरू मेरो राज्यमा सुखपूर्वकले बस्न पाउनुहुनेछ ।' उसको कुरा अन्य जनावरलाई ठिकै लाग्यो । उनीहरूले तत्कालै स्वकृतिसूचक टाउको हल्लाए । त्यसपछि उसले मन्त्री पदमा बाघलाई, सेनापति पदमा चितुवालाई र स्वकीय सचिव पदमा ब्वाँसोलाई नियुक्त गऱ्यो । अनि आफ्नो पोल खुल्छ कि भन्ने डरले स्यालहरूलाई भने राज्य निकालाको घोषणा गऱ्यो । अब स्यालको सुखको दिन सुरु भयो । दिनभर हात्तीमा चढेर जंगल घुम्थ्यो । उसका कर्मचारी अर्थात् बाघ, चितुवा र ब्वाँसो सिकार खोजेर ल्याउँथे ऊ मासु जति छानिछानी खान्थ्यो । हाडखोर र खाएर नभ्याएको जति उनीहरूलाई दिन्थ्यो । यसरी उसले केही समय झुटको खेती चलायो । त्यतिबेला उसलाई लागेको थियो आफूजति भाग्यमानी संसारमै कोही छैन तर झुट सधैँभरि कहाँ टिक्थ्यो र । उसलाई पनि त्यस्तै भयो ।

सदा झैं ऊ एक दिन बिहान गुफाबाट बाहिर आएर आङ तन्काउँदै थियो त्यति नै बेला पर कतै जंगलबाट स्यालको आवाज आयो । स्यालहरूको बानी के भने एउटा कराएपछि सबै कराउनुपर्ने । स्याल कराएको सुन्ने बित्तिकै उसले आफूलाई राजा हुँ भन्ने बिस्यो र करायो । ब्रह्माजीको दूत हुँ भन्ने नाटक गरेको भए पनि आखिर थियो त ऊ स्याल नै । अरू कराएको सुन्ने बित्तिकै ऊभित्र स्याल पनि बाहिर आयो । जब अन्य जनावरले स्यालको आवाज सुने तब उनीहरूलाई उसको असलियत बुझ्न बेर लागेन । उनीहरू स्यालले आफूहरूलाई मूर्ख बनाएर राजा बनेको भन्दै निकै रिसाए र सबै एकैसाथ ऊमाथि जाइलागे । यद्यपि उसले भागेर ज्यान बचाउने प्रयास नगरेको होइन तर सबै मिलेपछि कसको के लाग्दो रहेछ । मिलेर प्रयास गर्ने हो बाँदरले बाघलाई त मार्न सक्छन् भने ऊ त थियो स्याल । जति नै भाग्ने प्रयास गरे पनि केही लागेन । सबै मिलेर उसको कामतमाम गरी आहार बनाए । धेरै पहिलेदेखि पढ्दै र सुन्दै आएको यस कथामा केकति सत्यता छ त्यो त थाहा छैन तर झुटको अवस्था जहाँ पनि यस्तै हुन्छ । पहिलो कुरा त उसले स्वधर्मलाई छाडेर परधर्म अप्नाएको थियो । दोस्रो कुरा जतिसुकै चलाख भए पनि आखिर एक दिन सत्य अगाडि आएरै छाड्ने प्रकृतिकै नियम थियो । यसमा ऊ मात्र अपवादमा कहाँ पथ्र्यो र । उसले त्यही फल पायो जस्तो रोपेको थियो ।

*-रातोपाटी डटकम*

*ब्रह्माजीको दूत हुँ भन्ने नाटक गरेको भए पनि आखिर थियो त ऊ स्याल नै । अरू कराएको सुन्ने बित्तिकै ऊभित्र स्याल पनि बाहिर आयो । जब अन्य जनावरले स्यालको आवाज सुने तब उनीहरूलाई उसको असलियत बुझ्न बेर लागेन । उनीहरू स्यालले आफूहरूलाई मूर्ख बनाएर राजा बनेको भन्दै निकै रिसाए र सबै एकैसाथ ऊमाथि जाइलागे । यद्यपि उसले भागेर ज्यान बचाउने प्रयास नगरेको होइन तर सबै मिलेपछि कसको के लाग्दो र हेछ । मिलेर प्रयास गर्ने हो बाँदरले बाघलाई त मार्न सक्छन् भने ऊ त थियो स्याल । जति नै भाग्ने प्रयास गरे पनि केही लागेन । सबै मिलेर उसको कामतमाम गरी आहार बनाए ।*

व्यक्तित्व ● उपेन्द्र पागल

# पोषराज निरौलाका रचनामा झर्रो भाषाको खोजी

भवानीप्रसाद निरौलाका नाति र पिता जानकी वल्लभ एवम् जानुकादेवीका माहिला पुत्ररत्नका रूपमा पूर्व ६ नं. चैनपुर, वानामा वि.सं. १९९४ श्रावण २० गते जन्मनु भएका पोषराज निरौलाज्यूले वाराणसेय संस्कृत विश्व विद्यालयबाट ईस्वी १९५६ मा संस्कृत साहित्यमा 'आचार्य' परीक्षा उत्तीर्ण गर्नु भई १९६३मा इलाहावादबाट अङ्ग्रेजीमा आइ.ए. समेत द्वितीय श्रेणीमा उत्तीर्ण गर्नु भएको पाइन्छ । आफ्ना बावुले विरामी भई स्वास्थ्यका कारणले काठमाडौं छाडेर गाउँमा आउनु पर्दा पढ्न नपाए पनि आफु सामान्य पुरोहित्याइँ गर्ने पण्डित भएकाले आफ्ना दुई गुँडबाट जन्मिएका आठ भाइ छोराहरुलाई राम्रै शिक्षा दीक्षा दिएर राम्रा इलमीका रूपमा स्थापित गराएको पाइन्छ ।

सरकारी जागिरे, वैंक व्यवस्थापक, पाइलट क्याप्टेन, शिक्षक र प्राध्यापकका रूपमा देश सेवामा संलग्न रहेको पाइन्छ । खुद पोषराजज्यूले चाहिँ १ वर्ष ७ महिना जति शाखा अधिकृतका रूपमा काम गरी त्यसलाई छाडेर २०२३ वैशाखदेखि धनकुटा कलेजको प्राध्यापकको रूपमा प्रवेश गरी २०४३ सालमा आएर पदोन्नति समेत पाउनुभएको र २०४६ सालमा शिक्षा दिवस पुरस्कारबाट पुरस्कृत हुनु भएर २०५५ माघ ७ गतेसम्म करिव ३२ वर्ष प्राध्यापन सेवा गरेको पाइन्छ । यसका अलावा तत्सम शव्दहरुको सङ्कलन २०३५ मा र विज्ञानमा प्रयुक्त नेपाली भाषा विषयक अनुसन्धान २०३८ मा संलग्न रहनु भएको र भाषिक कार्यशाला गोष्ठीहरुमा पनि भाग लिनु भएको पाइन्छ । २०१२ सालमा नेपालीय सम्स्कृत छात्र परिषदद्वारा प्रकाशित वार्षिक मुखपत्र 'छात्रदूत' मा 'दु:खेसो' शीर्षक कविता लिएर १८ वर्षकै पट्रुठो उमेरदेखि साहित्यिक क्षेत्रमा प्रवेश गर्नु भएका पोषराजज्यूले कविता, कथा, निवन्ध जस्ता साहित्यिक विधामा कलम चलाउनु भएको पाइन्छ । साहित्यिक क्षेत्रतर्फ अन्य साधकहरुको जस्तो हुने खानेको पौल नभए पनि हुँदा खाने अर्थात कसैले केही लेख मागेमा लेखिदिने वानी रहेको कुरा उहाँको २०१२ सालदेखि २०६३ सालसम्म करिव ५१ वर्षको उमेरसम्मका पनि एउटा सिंगो कृति निस्कन नसक्नुबाट हुँदा मात्र खानेका वर्गमा उहाँलाई राख्न सकिने आधार लिन सकिन्छ ।

२००६ सालमा १२र१३ वर्षकै उमेरमा वैवाहिक जीवनमा वाँधिनु भएका पोषराजज्यूकी जेठी श्रीमतीबाट ३ छोरी १ छोरा भएका र श्रीमती विरामी भई असक्त भएकाले २०२९ सालमा पुन: अर्को विवाह गरी चुडिन आँटेको गृहस्थीको दाम्लोमा वाँधिनु भएपछि पनि कान्छी तर्फबाट २ छोरी १ छोरा गरी ७ सात सन्तानका वावुका रूपमा रहनु भएको पाइन्छ । आफ्ना सातबाटै सन्तानहरुलाई आइ.ए.देखि एम.ए. सम्मको अध्ययन गराउनु भएको र सवै छोराछोरीहरुलाई वैवाहिक जीवनभित्र आवद्ध गराइसक्नु भएको छ । माइलो र कान्छो छोरा वैदेशिक रोजगारका निम्ति रुसको मस्कोमा कार्य गरिरहेका पाइन्छन् । सामान्य निम्नमध्यम वर्गीय परिवारका व्यक्ति भए तापनि उहाँको जम्मस्थान वाना हाल सङ्खुवासभाबाट १० वर्ष वनारसमा वसी विद्यार्थी जीवन विताउनु भएका निरौलाज्यूका कखरादेखिकै साथीभाइका रूपमा कोशराज रेग्मी, वल्लभमणि दाहाल, चूडामणि रेग्मीज्यूहरुका सान्निध्यमा रहनु भएका निरौलाज्यू झर्रोवादी आन्दोलनबाट र वाम राजनीतिबाट पनि वढी प्रभावित रहनु भएको पाइन्छ जसको फलस्वरुप उहाँ एमाले जिल्ला कमिटी सुनसरीको सल्लाहकार सदस्य र नेपाली वद्धिजीवी परिषद् सुनसरीको पनि सल्लाहाकार सदस्यका रूपमा रहनुभएको थियो । आफ्नै गार्हस्थ्य जीवनमा रमाउने निरौलाज्यूले पारिवारिक सुख शान्तिमै आत्मलीन भएर समय विताउने गरिरहनु भएको पाइन्छ । निरौलाका रचनामा झर्रोवादी भाषिक अभिव्यक्तिगत प्रवृक्ति प्रसिद्ध भाषाशास्त्री महानन्द सापकोटाको व्युत्पत्तिमूलक शव्दशास्त्र अनुसार 'झर्रो' भनेको परम्परादेखि चलि आएको, फेदैदेखिको सनातन अथवा मौलिक भन्ने हुन्छ । अर्थात मिसावट बिहीन शुद्ध र संस्कृत आफ्नैपन भएको देशीय शब्द भन्नेन अर्थ लिन सकिन्छ ।

*आफ्नै गार्हस्थ्य जीवनमा रमाउने निरौलाज्यूले पारिवारिक सुख शान्तिमै आत्मलीन भएर समय विताउने गरिरहनु भएको पाइन्छ । निरौलाका रचनामा झर्रोवादी भाषिक अभिव्यक्तिगत प्रवृक्ति प्रसिद्ध भाषाशास्त्री महानन्द सापकोटाको व्युत्पत्तिमूलक शव्दशास्त्र अनुसार 'झर्रो' भनेको परम्परादेखि चलि आएको, फेदैदेखिको सनातन अथवा मौलिक भन्ने हुन्छ । अर्थात मिसावट बिहीन शुद्ध र संस्कृत आफ्नैपन भएको देशीय शब्द भन्ने अर्थ लिन सकिन्छ ।*

झर्रो नेपाली भाषा भन्नाले शव्द वाक्य, उखान टुक्का, व्यञ्जना, ध्वनि र अभिव्यक्ति शैलीमा समेत अन्य विदेशी भाषिक र अभिव्यक्ति शैलीगत छाप नपरेको आफ्नै नेपालीपन लिएको भाषिक अभिव्यक्ति भन्नेक वुझ्नुपर्छ । झरझराउँदो आत्मदीप्ति युक्त, चोखो, आत्मवादी, भाषिक प्रयोजन र प्रयोगलाई केन्द्रविन्दु वनाएर नेपाली भाषालाई जनजिब्रोवादी वनाउने र संस्कृत, अंग्रेजी, हिन्दी आदिभाषाका प्रभावहरुबाट नेपाली भाषालाई मक्त बनाउने भाषिक अभियानका अभियन्ताहरुमा वालकृष्ण पोखरेल, कोशराज रेग्मी, तारानाथ शर्मा, चूडामणि रेग्मी, पोषराज निरौला, स्व. गणेश भण्डारी, विपिनदेव ढुङ्गेल आदि भए तापनि यस वादको पृष्ठभूमि तयारी गर्ने कार्य चाहिँ काठमाडौंका राममणि आ.दी. (हलन्त वहिष्कार), गोपाल पाण्डे असीम र पूर्वका महानन्द सापकोटा आदिले प्रदान गरेका थिए ।

२०१२ सालमा पूर्व ६ नं. चैनपुर युवक छात्र सम्मेलनले जनसांस्कृतिक सभाको स्थापना गरी २०१३ मा नौलो पाइलो साहित्यिक पत्रिकाको प्रकाशन वनारसबाट सूरु गरी नेपाली भाषाको शुद्धता र परिष्कारका निम्ति झर्रोवादी आन्दोलन सुरु गरेको पाइन्छ । यसै पत्रिकाले झर्रोवादी अभियानलाई सैद्धान्तिक आधार दिँदै अगाडि वढाउने आन्दोलनवादीहरुका वीच वीचमा केही विचलन आएको भए पनि निरन्तरता प्रदान गर्ने योद्धाहरुमा चूडामणि रेग्मीले चाहिँ युगज्ञान साप्ताहिक, मोती, जुही, यथार्थ कुरा आदि पत्रिका, कोशराज रेग्मीको जनवार्ता र छहारी, विपिनदेव ढुङ्गेल हिमालचुली जस्ता आफ्ना पत्रिकाहरुका माध्यमबाट झर्रो भाषिक अभियानलाई अग्रगामी बनाउँदै लगेको पाइन्छ र यस अभियानका अनुयायीहरुको डफ्फा पनि निकै ठूलो समूहमा विकसित भएको पाइन्छ । यिनीहरुकै समूहभित्र पर्ने प्रमुख योद्धाहरुका सहभागीका रूपमा पोषराज निरौलाज्यू पनि पर्नुहुन्छ । यस लेखको उद्देश्य पोषराजज्यूका रचनामा पाइने झर्रोवादी प्रवृत्तिहरुको खोजी गर्नुरहेको छ ।

उहाँका पूर्व प्रकाशित फुटकर रचनाहरुको आड लिएर १ गीत, १४ निवन्ध, १ प्रवन्ध र ७ कथाहरुको संक्षिप्त विवेचना सहित छनोट प्रद्धति अनुसार २ कथाभित्र प्रयोग भएका झर्रो भाषिकतालाई तुलनात्मक अध्ययन यसमा प्रस्तुत गरिएको छ । प्रस्तुत कथाहरुमध्ये २०१४ सालमा छात्रवाणीमा प्रकाशित पुत्रमहिमा ( कथुङ्ग्री प्रतियोगितामा प्रथम) कथामा प्रयुक्त झर्रा शव्द र आलङ्कारिक भाषाको खोजी गर्दा ३ पेजको रचनामा २० बाट झर्रा नेपाली शब्दहरुको उत्खनन्रुपूर्ण प्रयोग पाइन्छ भने १६ वटा उखान टुक्का र आलङ्कारिक भाषा र वाक्पद्धतिको प्रयोग भएको पाइन्छ । त्यस्तै गरी २०२४ सालमा मेची महाविद्यालयको प्रकाशन 'धारा'मा प्रकाशित 'वल्लो घाट न पल्लो तीर' कथाभित्र प्रयुक्त झर्रा शव्दहरुको संख्या ७५ रहेको पाइन्छ भने उखान टुक्का र आलङ्कारिक वाक्पद्धतिको अवलम्वन गरी प्रयोग गरेका वाक्यांशहरु १५ वटा भन्दा वढी नै पाइन्छन् । तीमध्ये दुवै कथाबाट टिपिएका केही नमुनाहरु प्रस्तुत गरी निरौलाज्यूको भाषामा झर्रोपनको खोजीलाई टुङ्ग्याउनीमा पुर्याउन उचित ठानिएको छ ।

**उखानटुक्का र आलङ्कारिक भाषाको प्रयोग :**

जिउँदो मुर्दा जस्तै भएका थिए ।

मन भुइँचालो जाँदा पृथिवी चरक्क चिरिएझैँ चरक्क चिरिन्थ्यो ।

अनन्त आशाको लहरो फिँजाएर पहरो गर्जाउँदै ।

तीस पाथी सीस पाथी जान्दिन मेरो मुरी पाथी छाड्दिन ।

यी अलच्छिनी हुन मेरो मासु खान आएका ।

वास वस्न गएका रूपीको शब्द जस्तो भान हुन्थ्यो ।

घरले सुन्थ्यो मान्छेले सुन्दैन थिए ।

उसका निभिसकेका आशा घिउमा परेको आगो जस्तै वलेर आउन लागे । ध्वाँसा लागे जस्तै आफ्नो घरलाई ।

चन्द्रमाको ज्योति जस्तो ।

थुकलाई मोती जस्तो ।

आफ्ना थाप्लामा तीनवटा नाम्ला भिर्योज ।

सिनेमाको चित्र नाचेझैं छोराको चित्र नाच्न लाग्यो ।

मानूँ पहाडको फेदीवाट टुप्पामा पुगिसके जस्तो ।

पाडो पाए पनि पाडी पाए पनि भतुवालाई विगौती ।

*-समकालीन साहित्य डटकम*

